# विदेशबाट आएका विदेशी (E-9) हरुको सरुवा रोग उपचार खर्च सम्बन्धी सूचना

◇ दक्षिण कोरियाको सरुवा रोग नियन्त्रण ऐन (दफा ६९को उपदफा २) संशोधन र कार्यान्वयन (अगस्त ११) अनुसार विदेशी संक्रमितले आईसोलेसन भर्ना खर्च र उपचार खर्च आफैले बेहोर्न पर्ने सम्बन्धी जानकारी तल दिएका छौं ।

## □ लक्षित

① **पारस्परिक सम्बन्ध नियम** अनुसार **विदेशबाट संक्रमित भएर आएका** विदेशी

② **विदेशबाट संक्रमित** भई आएर **क्वारेन्टिन नियम उल्लङ्घनको दोष** लागेका विदेशी

* क्वारेन्टिन आदेश, मान्छे भेट्ने वा भेला निषेध आदेश, आदि क्वारेन्टिन सम्बन्धी नियम उल्लङ्घन गर्ने व्यक्ति वा नक्कली PCR रिपोर्ट बुझाउने व्यक्ति

## □ आईसोलेसन भर्ना र उपचार खर्च आफैले बेहोर्ने सम्बन्धी दायरा

* आईसोलेसन भर्ना शुल्क (कोठाको शुल्क) + उपचार र खाना खर्च, आदि

○ (**क्वारेन्टिन नियम उल्लङ्घनको दोष लागेका व्यक्ति**) सम्बन्धित राष्ट्र र दक्षिण कोरिया बिच उपचार खर्च सम्बन्धी पारस्परिक सम्बन्ध कायम भएपनि नभएपनि आईसोलेसन भर्ना र उपचार, आदि सम्पूर्ण खर्च स्वयं आफैले बेहोर्नु पर्ने छ ।

○ **(पारस्परिक सम्बन्ध अनुसार लागु)**

-विदेशीको उपचार खर्च बेहोर्ने राष्ट्रका नागरिक : सम्पूर्ण खर्च बेहोरिने (आवश्यक उपचार खर्चमा सिमित) छ ।

-विदेशीको उपचार खर्च शर्तमा(आंशिकरुपमा) बेहोर्ने राष्ट्रका नागरिक : कोरोनाको कारणको आईसोलेसन भर्ना शुल्क (कोठाको शुल्क) बेहोरिने, उपचार र खाना खर्च, आदि भने आफैले बेहोर्नु पर्ने छ ।

-विदेशीको उपचार खर्च **नबेहोर्ने** राष्ट्रका नागरिक : **सम्पूर्ण खर्च आफै बेहोर्नु पर्ने** छ ।